रामप्रसादराई गाउँपालिका
Ramprasadrai Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
बैकुण्ठे, भोजपुर
Baikunthe, Bhojpur

मोबाइल नं. ९८५२०७३८८८
मोबाइल नं. ९८५२०७३८९३
इमेल : ramprasadrai.rm@gmail.com
web: http://ramprasadraimun.gov.np
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal

प.स./letter No :२०७९/०८०
च.नं./ Ref No : 820

मिति: २०८०/०५/२४

विषय: जनकारी पठाइएको सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
रामप्रसादराई गाउँपालिका, वैकुण्ठे, भोजपुर ।

प्रस्तुत विषयमा प्रदेश सरकार, साजमाजिक विकास मन्त्रालय, कोशी प्रदेश विराटनगरको मिति: २०८०/०५/१५ च. नं. १९८ को पत्रानुसार प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम (TVET) क्षेत्रमा सञ्चालित २४ महिने औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टीशीप) कार्यक्रममा निशुल्क अध्यापनका लागि भर्ना खुलेको हुँदा उक्त कार्यक्रममा अध्ययन गर्न चाहने सम्बन्धित सबै सरोकारवालाहरूलाई सूचना तथा प्रचारप्रसार गरिदिनहुन अनुरोध छ ।

नोट: विस्तृत जानकारी र भर्ना सम्बन्धी सूचना यसै पत्रसाथ संलगन राखी पठाइएको छ ।

अनन्त राई
नि. प्रमुख प्रशासकीय अधिकृत

# सामाजिक विकास मन्त्रालय, कोशी प्रदेशको औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप) कार्यक्रम सम्बन्धी जानकारी

पृष्ठभूमि : नेपाल सरकार र स्वीजरल्याण्ड सरकारको द्विपक्षीय सम्झौताबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) क्षेत्रमा कार्य गर्ने गरी स्थापित **दीगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना** (ENSSURE) प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय मार्फत सञ्चालनमा रहेको छ । यस परियोजनाको मुख्य कार्यक्रमको रुपमा सम्बन्धित उद्योगको सहकार्यमा विभिन्न शिक्षालय/ विद्यालय मार्फत गत आर्थिक वर्ष २०७९।०८० देखि अप्रेन्टीसीप कार्यक्रम कार्यान्वयनमा छ । गत आ.व.मा विभिन्न १० वटा शिक्षालयबाट ७ वटा विषयमा यो कार्यक्रम सञ्चालित छ भने चालु आर्थिक वर्ष २०८०।०८१ बाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट स्वीकृत विभिन्न ८ वटा विषयमा १३ वटा शिक्षालयहरुबाट यो कार्यक्रम सञ्चालन हुनेछ ।

१. **औद्योगिक प्रशिक्षार्थी (अप्रेन्टिशीप )कार्यक्रम सम्बन्धी जानकारी**

- अप्रेन्टिसशीप कार्यक्रम २४ महिनाको हुनेछ । सो अवधिमा प्रशिक्षार्थीहरुले ३.५ महिना शिक्षालयमा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गर्छन् भने १९.५ महिना पेशासँग सम्बन्धित उद्योग/व्यवसायमा रहेर व्यावहारिक सीप र कार्यस्थलको अनुभव सहित प्रयोगात्मक अध्यास गर्दछन् यो अवधीमा हसाको १ दिन शिक्षालयमा आएर थप सीप सिक्नु पर्दछ। त्यस्तै अन्तिम १ महिना पुनः शिक्षालयमा नै आएर सिक्न बाँकी रहेको ज्ञान र सीप सिक्ने तथा परीक्षाको तयारी गर्नुपर्दछ।
- अप्रेन्टिशीप कार्यक्रमको २४ महिनामा शिक्षालय र उद्योग/व्यवसायबाट संयुक्त रुपमा ६/६ महिनामा तीन पटक आन्तरिक मूल्यांकन हुनेछ भने प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT) परीक्षा नियन्त्रण कार्यालयले अन्तिम मूल्याङ्कन गरी उत्तीर्ण प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गर्ने गर्दछ।
- अप्रेन्टिशीप कार्यक्रम शिक्षालय र उद्योग/व्यवसाय दुवै स्थानमा सिकिने भएकाले यस कार्यक्रमलाई Dual VET पनि भनिन्छ ।शिक्षालयमा प्रशिक्षार्थीहरुले सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गर्दछन् भने उद्योग/व्यवसायको अनुभवी जनशक्तिको प्रत्यक्ष मातहतमा दैनिक उत्पादन प्रक्रियामा सहभागी हुँदै सीप र कार्यस्थलको अनुभव समेत प्रास गर्दछन ।
- अप्रेन्टिशीप कार्यक्रममा समावेस हुनको लागि १६ वर्ष उमेर पूरा गरेको नेपाली नागरिक हुनु पर्दछ, भने शैक्षिक योग्यताको हकमा SLC उत्तीर्ण वा SEE मा सहभागी भएको हुनु पर्दछ ।
- सामान्यतयाः प्रशिक्षार्थीहरुले औद्योगिक अभ्यासको अवधिमा दिनको ८ घण्टा काम गर्नुपर्ने भएपनि उद्योग/व्यवसायले आवश्यक परेको खण्डमा आपसी समझदारीमा केही समय हेरफेर गर्न सक्नेछ । दैनिक कार्य समय उद्योग/व्यवसायको आवश्यक्तानुसार तय हुनेछ ।
- प्रशिक्षार्थीहरुले औद्योगिक अभ्यासको क्रममा नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिकको २५% प्रोत्साहन स्वरूप प्रत्येक महिना उद्योग/व्यवसायबाट प्रास गर्दछन्।
- कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेपछि प्रशिक्षार्थीहरुले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट प्रि-डिप्लोमा तहको प्रमाणपत्र प्रास गर्दछन् ।
- अध्ययन छोडेर बसेका र सीप सिकेर रोजगारी गर्ने सोंचाई भएका युवाहरुका लागि अप्रेन्टिशीप कार्यक्रम उपयुक्त रहेको छ ।
- **यो कार्यक्रम निःशुल्क रहेको छ । प्रशिक्षार्थीहरुले शिक्षालयमा शुल्क तिर्नुपर्ने छैन ।**
- छनौट भएका प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षालयबाट यातायात खर्च वापत प्रति प्रशिक्षार्थी प्रति हाजीरी दिन रू. १००/- र वार्षिक एकपटक पोशाक खर्च प्रास गर्नेछन् ।
- तल उल्लेखित विषयमा तोकिएका शिक्षालयहरु मार्फत अप्रेन्टीशीप कार्यक्रम सञ्चालन हुनेछ ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट स्वीकृत नर्म्स् बमोजिमको कार्यक्रम सञ्चालन खर्च सामाजिक विकास मन्त्रालयबाट सम्बन्धित शिक्षालयमा निकासा हुनेछ ।
- अप्रेन्टीशीप कार्यक्रमका लागि प्रशिक्षार्थी छनौट र भर्ना र सञ्चालन, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदबाट स्वीकृत **प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टीशीप) प्रशिक्षार्थी छनौट, भर्ना र मूल्याङ्कन निर्देशिका** - २०७९ बमोजिम हुनेछ ।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, सानोठिमी भक्तपुरबाट स्वीकृत भएका विषयमा अप्रेन्टीशीप कार्यक्रम सञ्चालन हुनेछ ।

उप-सचिव

- प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरबाट मिति २०८०।०५।१३ गतेको गोरखापत्रमा यो कार्यक्रमको आवेदन फारम भर्ने सम्बन्धी सूचना प्रकाशित भएको छ । सूचना CTEVT को वेबसाइट https://www.ctevtexam.org.np वा https://www.enssure.org.npवा https://mosd.koshi.gov.np मा पनि हेर्न सकिनेछ ।
- थप जानकारिका लागि परियोजना सहयोग इकाइको फोन नं. ०२१-४६४५०४ वा सम्बन्धित शिक्षालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

२. सामाजिक विकास मन्त्रालय कोशी प्रदेश मार्फत विभिन्न शिक्षालयहरुबाट आ.व. २०८०/०८१ मा निम्न विषयहरुमा अप्रेन्टिशीप कार्यक्रम संचालन हुनेछ ।

| क्र.सं. | शिक्षालयको नाम | शिक्षालयको ठेगाना | सम्पर्क नम्बर | संचालन हुने अप्रेन्टिशीप कार्यक्रम | स्वीकृत कोटा |
|---|---|---|---|---|---|
| १ | मनमोहन स्मृति पोलिटेक्निक इन्स्टिच्युट | बुढीगंगा, मोरङ्ग | ०२१-५९०६९७<br>९८१५९९०८०० | Mechanical Engineering | २० |
| | | | | Automobile Engineering | २० |
| | | | | Electrical Engineering | २० |
| | | | | Information Technology | २० |
| २ | शैलजा आचार्य मेमोरियल पोलिटेक्निक | जहदा, मोरङ्ग | ९८५२०२२२०९<br>९८४२३३२४३८ | Early Childhood Development Facilitation (ECDF) | ३० |
| | | | | Information Technology | ३० |
| ३ | श्री दुर्गा माध्यामिक विद्यालय | उर्लाबारी, मोरङ्ग | ९८५२०४२२८८ | Civil Engineering (Building Construction) | २० |
| ४ | नरबहादुर कर्माचार्य बहुप्राविधिक शिक्षालय | इटहरी, सुनसरी | ९८५२०३४२२९ | Hotel Management | ४० |
| ५ | आदर्श माध्यमिक विद्यालय | विराटनगर, मोरङ्ग | ९८५२०३२२६४<br>९८४२३६०७३६ | Information Technology | ३० |
| | | | | Early Childhood Development Facilitation (ECDF) | ३० |
| ६ | महानगर पोलिटेक्निक इन्स्टिच्युट | विराटनगर, मोरङ्ग | ०२१-५९०४८४<br>९७४५४७७७९३ | Electrical Engineering | ३० |
| | | | | Civil Engineering (Building Construction) | ३० |
| ७ | पुष्पधिरेन्द्र स्मृति प्रतिष्ठान | दमक, झापा | ०२३-५७७२२२<br>९८५२६५०५५४ | Information Technology | ३० |
| | | | | Civil Engineering (Building Construction) | ३० |
| ८ | कन्काई पोलिटेक्निक इन्स्टिच्युट | कन्काइ, झापा | ०२३-४०१०१७<br>९८५२६३०११३ | Information Technology | ३० |
| | | | | Civil Engineering (Building Construction) | ३० |
| ९ | शहिद स्मृति प्रतिष्ठान पोलिटेक्निक | विर्तामोड, झापा | ९८५२६८८२५४ | Civil Engineering (Building Construction) | ३० |
| १० | गणेशमानसिंह स्मृति प्रतिष्ठान पोलिटेक्निक | शिवसताक्षी, झापा | ९८०१५५९०८२ | Civil Engineering (Building Construction) | २० |
| ११ | रत्नकुमार वान्तवा ब.प्रा. शिक्षालय | साखेजुङ्, इलाम | ९८४९९०८७५१ | Tea Technology | ४० |
| १२ | नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान | विर्तामोड, झापा | ९८४२६२५३८१ | Hotel Management | ३० |
| १३ | मोहनमाया माध्यमिक विद्यालय | विर्तामोड, झापा | ०२३-५४३६५२ | Civil Engineering (Building Construction) | ३० |
| | | | | Early Childhood Development Facilitation (ECDF) | ३० |
| | | | | जम्मा | ६२० |

३. आवेदन फाराम साथ सम्बन्धित शिक्षालयमा पेस गर्नुपर्ने आवश्यक कागजातहरू:
   क. स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साईजको ३ प्रति रंगिन फोटो,
   ख. SLC/SEE वा सो सरहको शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
   ग. नेपाल बाहेक अन्य मुलुकबाट SLC/SEE वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेको हकमा नेपाल सरकारले तोकेका निकायद्वारा प्रदान गरिएको समकक्षता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४. छनौट प्रक्रिया सम्बन्धी कार्यक्रम:

| | | |
|---|---|---|
| क. | आवेदन फाराम वितरण मिति | :२०८० भदौ १३ गते देखि । |
| ख. | आवेदन फाराम पाउने र बुझाउने स्थान | :सम्बन्धित शिक्षालयहरू वा परिषद्को वेबसाइट https:/www.ctevtexam.org.np वा https://www.enssure.org.np बाट डाउनलोड गरी फाराम निःशुल्क भर्न सकिनेछ । |
| ग. | आवेदन फाराम बुझाउने अन्तिम मिति | :२०८० असोज २ गतेसम्म । |
| घ. | लिखित प्रवेश परीक्षा हुने मिति र समय | : २०८० असोज ६ गते, शनिबार, बिहान ११:०० बजे |
| ङ. | लिखित प्रवेश परीक्षा संचालन हुने स्थान | : सम्बन्धित शिक्षण संस्था/ शिक्षालयहरू |
| च. | अन्तरवार्ता हुने मिति र समय | : २०८० असोज ६ गते, शनिबार, दिउँसो १:०० बजे देखि |
| छ. | अन्तरवार्ता सञ्चालन हुने केन्द्रहरू | : सम्बन्धित शिक्षण संस्था/शिक्षालयहरू |